# झापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल

प.स. ०८१।८२
च.न. २३५२

नेपाल सम्बत :- ११४५
मिति :- २०८१/१२/२९ गते

**विषय :- निर्देशन सम्बन्धमा ।**

श्री सहकारी संस्था सबै, (झापा गाउँपालिका ।)

प्रस्तुत सम्बन्धमा झापा गाउँपालिकाको नियमन क्षेत्रभित्र संचालनमा रहेका सहकारी संस्थाहरुले प्रचलित सहकारी सम्बन्धी ऐन, नियम तथा सहकारीको मूल्य मान्यता तथा सिद्धान्त अनुसार सहकारी संस्था संचालन गर्न देहाय बमोजिम गर्नु/ गराउनुहुन अनुरोध गरिन्छ।

**देहाय :-**

१. **झापा गाउँपालिकाको नियमनक्षेत्र भित्र रहेका सहकारी संस्थाहरुले पौष मसान्त सम्मको संस्थाको दायित्व, लगानी तथा सम्पत्ति लगायातका विवरण समेटिएको वितिय विवरण २०८२ बैशाख १५ गते सम्म एक प्रति यस कार्यालयमा पेश गर्ने।**

२. **सहकारी संस्थाहरुले २०८१ चैत्र मसान्तभित्र माग अनुसारको सम्पूर्ण बचत रकम फिर्ता गर्ने बचत फिर्ता कार्ययोजना बनाई २०८२ बैशाख १५ गते भित्र यस कार्यालयमा पेश गर्ने।**

३. **सहकारी संस्थाको विवरण अनिवार्य रुपमा COPOMIS प्रणालीमा प्रविष्टि गर्ने।**

४. **सहकारी संस्थाको मासिक विवरण अनिवार्य रुपमा प्रत्येक महिनाको ७ गत्रे भित्रमा COPOMIS प्रणालीमा प्रविष्टि गरि कार्यालयमा पेश गर्ने।**

५. **प्रचलित सहकारी ऐन तथा नियम अनुसार सहकारी संस्थाले साधारण सभा गर्ने तथा संस्थाको लेखा परिक्षण प्रतिवेदन कार्यालयमा पेश गर्ने।**

६. **सहकारी संस्थाहरुले प्रचलित सहकारी ऐन तथा नियममा भएका व्यवस्थाहरुको पूर्ण रुपमा पालन गर्ने / गराउने।**

बोधार्थ :-

**श्री वडा कार्यालयहरु सबै, (झापा गाउँपालिका १ देखि ७)। (आवश्यक समन्वय र सहजीकरण गरिदिनुहुन।)**

गजेन्द्र अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
०८१/१२/२५

# झापा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## टाघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल

प.स. ०८१।८२
च.न 2359

नेपाल सम्बत :- ११४५
मिति :- २०८१/१२/२९ गते

**विषय :- सहकारी संघ/ संस्था कोपोमिसमा दर्ता सम्बन्धमा ।**

श्री सहकारी संस्था सबै,
(झापा गाउँपालिका, झापा ।)

प्रस्तुत विषयमा सहकारी विभागबाट कार्यान्वयन भईरहेको सहकारी सम्बन्धि व्यवस्थापन सूचना प्रणाली (**COPOMIS**) मा सहकारी संघसंस्था आवद्धता र विवरण प्रविष्टि न्युन रहेको देखिएको हुँदा यस गाउँपालिकाको नियमनक्षेत्र भित्र रहेका तथा कोपोमिस प्रणालीमा दर्ता भएका सम्पूर्ण सहकारी संस्थाहरुले अनिवार्य रुपमा आ.व. २०८१/०८२ को पौष मसान्त सम्मको विवरण मिति २०८२/०१/१५ गतेभित्र **COPOMIS** प्रणालीमा प्रविष्टि गर्नुहुन तथा गाउँपालिकाको नियमनक्षेत्र रही नयाँ दर्ता भएर संचालनमा रहेका एवं **COPOMIS** प्रणालीमा आवद्ध हुन बाँकी रहेका सहकारी संस्थाहरुले फाल्गुण पहिलो हप्ताभित्र https://copomis.gov.np/ मा गई username तथा password प्राप्तीका लागि निवेदन खण्डमा गई आवश्यक विवरण पेश गरी **COPOMIS** प्रणालीमा आवद्ध भई सहकारी शाखा बाट प्रमाणीकरण गराई आ.व. २०८१/०८२ को पौष मसान्त सम्मको विवरण मिति २०८२/०१/१५ गतेभित्र **COPOMIS** प्रणालीमा प्रविष्टि गर्नुहुन अनुरोध छ ।

.............................................
गजेन्द्र पालिया
प्रमुख प्रशासकीय अधिकृत
८१/१२/२९

**बोधार्थ :-**

श्री सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौं । (**जानकारीका लागि अनुरोध छ ।**)
श्री कृषि विकास शाखा, झापा गाउँपालिका, झापा । (**आवश्यक सहकार्य र सहजीकरण गरिदिनुहुन ।**)
श्री वडा कार्यालयहरु सबै, झापा गाउँपालिका, झापा । (**सूचना सम्प्रेषणका लागि आवश्यक सहजीकरण गरिदिनुहुन।**)

# झापा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## टाघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल

प.स. ०८१।८२
च.न. २३५०

झापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय टाघनडुब्बा, झापा कोशी प्रदेश, नेपाल

नेपाल सम्बत :- ११४५
मिति :- २०८१/१२/२९ गते

**विषय :- विवरण पेश गर्ने सम्बन्धमा ।**

श्री सहकारी संस्था सवै
झापा गाउँपालिका ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुले झापा गाउँपालिकाको सहकारी ऐन २०७७ को दफा ५२ मा व्यवस्था भएअनुरुप आफ्नो बार्षिक प्रतिवेदन पेश गर्नुपर्ने भएकाले तहाँ सहकारी संस्थाले आ.व. २०८१/०८२ मा सम्पादित कार्यहरु सहितको तपसिल बमोजिमको विवरण यस कार्यालयमा उपलब्ध गराउन हुन अनुरोध छ ।

तपसिल :-

१.कारोवारको बार्षिक प्रतिवेदन र लेखापरिक्षण प्रतिवेदन,
२.बार्षिक कार्यक्रम नीति र योजना,
३.बचत सम्बन्धि विवरण,
४.सञ्चालकहरुको नाम र ठेगाना,
५.साधारण सभाको वैठक सम्बन्धि विवरण,
६.शेयर सदस्य संख्या र शेयर पूँजी,
७.सञ्चालक वा सदस्यहरुले लिएको ऋण तिर्न बाँकी रकम,
८.संस्थाका सदस्यहरुले प्राप्त गरेको सुविधा,
९. संस्थाको क्रियाकलापमा सदस्यहरुको सक्रिय सहभागिता स्तर,
१०.संस्थालाई प्राप्त अनुदान, छुट तथा सुविधाको विवरण,
११.संस्थामा रहेको कोषको विवरण,
१२.संस्थाले सञ्चालन गरेको कारोवार, व्यवशाय, उद्योग तथा परियोजना सम्बन्धि विवरण,
१३.संस्थाको सुशासन तथा जिम्मेवारीको अवस्था ।

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत
१२/२५

**बोधार्थ :-**

**श्री सूचना प्रविधि शाखा, झापा गाउँपालिका, झापा । (सूचना गाउँपालिकाको वेभसाइटमा अपलोड गरिदिनुहुन ।)**